# नवदुर्गा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश नेपाल

मिति २०८१।०२।२३

प.सं. २०८०।०८१
च.नं.

**विषय-सुरक्षित नागरिक आवाश कार्यक्रम सम्बन्धी जरुरी सूचना।**

उपरोक्त विषयमा "सुरक्षित नागरिक आवाश कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५"मा व्यवस्था भए अनुसार केन्द्रिय सुरक्षित नागरिक आवाश कार्यक्रम सम्न्वय समितिको चौधौं वैठकको निर्णयका आधारमा नेपाल सरकार शहरी विकास तथा भवन निर्माण बिभाग संघीय आयोजना कार्यान्वयन इकाई धनगढी कैलालीको यस कार्यालयलाई प्राप्त च.नं.१०३२ मिति २०८१।०२।१७ गतेको प्राप्त पत्रानुसार यस नवदुर्गा गाउँपालिका भित्र बसोबास गर्ने गरिवीको रेखामुनी रहेका,पराल वा खरको छानो भएका,घरपरिवार लाई जस्ताको छानो भित्र ल्याउने गरी सुरक्षित नागरीक आवाश निर्माणको लागी संघीय आयोजना कार्यान्वयन इकाई मार्फत ७० लाभग्राही संख्या थप भई आएकोले यस कार्यालयको मिति २०८१।०२।२३ गतेको निर्णयानुसार सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यसै सूचना संग संलग्न ढाँचा अनुसार निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

१-लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल,खर,स्याउला वा यस्तै प्रकृतिका आगो,पानी वा हावहुरीबाट सजिलै प्रभावित हुन सक्ने सामग्रीबाट बनेको ।

२-गरिवीको रेखामुनी रहेका तथा आफैंले सुरक्षित आवाश निर्माण गर्न सक्ने क्षमता नभएका घरपरिवार।

३-घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण।

४-यस गाउँपालिका भित्र स्थायी बसोवास भएको नागरीकको प्रमाण।

५-प्रकोपका कारण घरवार बिहीन भएको नागरीकका हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहीत जिल्ला प्रशासन कार्यालयको सिफारिस।

६-गरिवीको रेखामुनी रहेका लाभग्राहीको हकमा गाउँपालिकाको सिफारिस।

पुनश्च लाभग्रहीको छनौट तथा मुल्याङ्कनका आधारहरु अनुदान सम्झौता र वित्तिय प्रवन्ध आदि सुरक्षित नागरिक आवाश कार्यक्रम कार्यान्वयन कार्यविधी २०७५ अनुसार हुनेछ।साथै यसै सूचनामा संलग्न ढाँचा अनुसारको निवेदन सम्बन्धित वडा कार्यालयहरुबाट निशुल्क उपलब्ध गराईने छ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

## (निशुल्क निवेदन)

मिति २०७५/....../...

श्री ...........................गाँउपालिका/नगरपालिका,

...... नं. वडा कार्यालय................ ।

**विषय : सुरक्षित नागरिक आवास निर्माण सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत त्यस ........................ गाँउपालिका/नगरपालिकाको वडा कार्यालयवाट मिति ............. मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँला ।

**तपशिल :**

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसुवेसटस आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

**निवेदकको :**

सही: .................................................

नाम थर :...........................................

बुवा/पति/पत्नीको नाम :................................

बाजे/ससुराको नाम :.................................

जिल्ला :..............................................

गा.पा./न.पा:...................... वडा नं.......

गाउ/टोल :..........................................

सम्पर्क मोवाईल नं.:...............................

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**नोट :** एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिबार मानिदैन । एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट वंचित गरी कानूनी कारवाही गरिनेछ ।